THE
CARTER CENTER

# निर्वाचन आयोग नेपालको "फोटो सहितको मतदाता दर्ता" कार्यक्रमबारे कार्टर सेन्टरका जानकारी बाँड्ने सत्रहरू

**मे ९, २०१२**

**परिचय र मूल सारांश**

निर्वाचन आयोग नेपालले कम्प्युटरकृत नयाँ मतदाता नामावली दर्ता तयार गर्नका लागि राष्ट्रव्यापी मतदाता दर्ता प्रक्रिया संचालन गरिरहेको छ । आयोगले कार्टर सेन्टरलाई जारी मतदाता दर्ता प्रक्रियाको पर्यवेक्षण गर्न आमन्त्रण तथा मान्यता प्रदान गरेको छ । कार्टर सेन्टरको पर्यवेक्षणका उद्देश्यहरू निर्वाचन प्रक्रियालाई सहयोग गर्नु, निर्वाचन आयोग तथा मतदाता दर्ता प्रक्रियाप्रतिको विश्वसनियतालाई उचित मात्रामा प्रवर्द्धन गर्नु तथा लोकतान्त्रिक प्रक्रियालाई समग्ररुपमा सशक्त बनाउन योगदान पुऱ्याउनु हो । कार्टर सेन्टरका पर्यवेक्षकहरूले मार्च २०१० देखि नेपालका ७५ मध्ये ४९ जिल्लाबाट मतदाता दर्ता प्रक्रियाबारे जानकारी संकलन गरेका छन् । कार्टर सेन्टरले जुन २०१० मा परिक्षण मतदाता दर्ता प्रक्रियाको मूल्यांकन र अप्रिल २०११, जुलाई २०११ र जनवरी २०१२ मा मतदाता दर्ता पर्यवेक्षणसम्बन्धी तीन पूर्ण प्रतिवेदन प्रकाशित गरेको छ ।

कार्टर सेन्टरले मतदाता दर्ता प्रक्रियालाई लक्षित गरी हालै नेपालका विभिन्न प्रमुख शहरहरूमा श्रृंखलाबद्ध छलफल सत्रहरू आयोजना गऱ्यो । ती सत्रहरू कार्टर सेन्टरका लागि यस प्रक्रियामा हालसम्म सेन्टरले प्राप्त गरेका तथ्यहरू बाँड्न र सरकारी अधिकारीहरु, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज सदस्य, समुदायमा आधारित समूहहरु, स्थानीय संचारमाध्यम र अन्य सहभागीहरूबाट जिज्ञासा तथा प्रतिक्रियाहरू संकलन गर्ने अवसर थिए । ती सत्रहरूमा सहभागिता जनाउने जिल्ला निर्वाचन अधिकारी तथा जिल्ला प्रशासन अधिकारीहरूले रचनात्मक भूमिका निर्वाह गर्नुका साथै धेरै हदसम्म सहभागीहरूका जिज्ञासा तथा चासोलाई सम्बोधन गर्न सहयोग गरे । ती अधिकारीहरूले कार्टर सेन्टरलाई मतदाता दर्ता प्रक्रियामा उनीहरूको प्रयासबारे मुख्यसरोकारवालाहरूसँग प्रत्यक्ष संवाद गर्नका लागि ती कार्यक्रमहरू उपयोगी मञ्च भएको हुनाले तिनको सराहना गरेको बताए । ती सत्रहरूमा सहभागीहरुले उठाएका मुख्य मुद्दा तथा सुझावहरू यसप्रकार छन्:

१. **नागरिकता नभएका नागरिकहरू ।** विभिन्न पृष्ठभूमिका सहभागीहरूले सबै नेपालीहरूसँग नागरिकता प्रमाणपत्र नभएको र दर्ता हुनका लागि नागरिकताको अनिवार्यताले नागरिकलाई मतदानबाट वञ्चित गराउन सक्ने चासोलाई उठाए । यसले अन्ततः मतदाता दर्ता प्रक्रियामाथिको विश्वसनियतालाई कमजोर पार्न सक्ने चिन्ता उनीहरूले व्यक्त गरे ।

   कार्टर सेन्टरको सुझावः नेपाल सरकारले सबै योग्य नेपाली नागरिकलाई नागरिकता प्रमाणपत्र वितरण गर्न प्रयासमा वृद्धि गर्नुपर्छ । सन् २००७ मा विशेष व्यवस्थाअन्तर्गत नागरिकता लिएका व्यक्तिका सन्तान तथा नागरिकता प्रमाणपत्र प्राप्त गर्नका लागि आवश्यक कागजात नभएका गरीब वा सीमान्तकृत समूहका व्यक्तिहरूलाई दर्ता गराउनका लागि सरकारले कानूनी अवरोधहरूलाई पनि संशोधन गर्न विचार गर्नु पर्छ ।

२. **नागरिकहरूमा मतदाता दर्ता प्रक्रियाबारे चेतना तथा जानकारीको अभाव ।** सहभागीहरूले मतदाता दर्ता प्रक्रियाबारे बढी जानकारी प्राप्त गर्ने स्पष्ट इच्छा व्यक्त गरे र धेरैले निर्वाचन आयोगले मतदाता शिक्षामा प्रयास वृद्धि गर्नुपर्ने आवश्यकता औंल्याए । अन्य व्यक्तिहरूले भने यस प्रक्रियामा राजनीतिक दलहरू अझ सक्रिय हुनुपर्ने र नागरिकहरूलाई सहभागी गराउनुपर्ने प्रतिक्रिया दिए ।

   कार्टर सेन्टरका सुझावहरू: निर्वाचन आयोगले आवश्यकताअनुसार नागरिक समाजको सहयोगमा मतदाता दर्ता प्रक्रियाबारे जानकारी दिने प्रयास वृद्धि गर्नुपर्छ र देशभरि मतदाता शिक्षा संचालन गर्नुपर्छ । राजनीतिक दलहरूले पनि दर्ता प्रक्रियामा आफ्ना गतिबिधीहरु तथा सहभागिता वृद्धि गर्नुपर्छ ।

३. **छुटेका समूहहरू, जस्तै, आन्तरिक बसाइँसराइ गरेका तथा हालसम्म मतदाता दर्ता संख्या कम भएका भौगोलिक क्षेत्रका बासिन्दाहरूलाई लक्षित गर्नुपर्ने आवश्यकता ।** लगभग सबै जानकारी सत्रहरूमा सहभागीहरूले मतदाता दर्ता सूचीबाट अझै छूटेका मतदाताहरूबारे प्रश्न उठाए ।

   कार्टर सेन्टरका सुझावहरू: निर्वाचन आयोगले भावी दर्ता प्रयासलाई आगामी "छुटेका मतदाता" चरणसहित हालसम्म मतदाता दर्ता संख्या कम भएका क्षेत्रहरूमा लक्षित गर्नुपर्छ । निर्वाचन आयोग र नेपाल सरकारले दर्ताका लागि बसाइँसराइको प्रमाण आवश्यक पर्ने योग्य नेपालीहरूले यस्तो कागजात अनावश्यक झन्झट नव्यहोरीकन प्राप्त गरुन् भन्ने सुनिश्चित गर्नुपर्दछ ।

**कार्टर सेन्टरका जानकारी सत्रहरू**
कार्टर सेन्टरले निर्वाचन आयोगको "फोटोसहितको मतदाता दर्ता" कार्यक्रममा आधारित भै सन् २०१२ फेब्रुअरी २३ देखि मार्च १६ सम्म श्रृंखलाबद्ध जानकारी सत्रहरू संचालन गऱ्यो । ती सत्रहरू नेपालका सबै विकास क्षेत्रका प्रमुख शहरमा आयोजना गरिएका थिए: पोखरा (२३ फेब्रुअरी), जनकपुर (६ मार्च), नेपालगंज (९ मार्च), धनगढी (११ मार्च) र बिराटनगर (१६ मार्च) । ती सत्रका उद्देश्य निम्नलिखित थिए:

- स्थानीय तहमा निर्वाचन आयोगको मतदाता दर्ता कार्यक्रमबारे कार्टर सेन्टरको तेस्रो अन्तरिम प्रतिवेदन[१]का पर्यवेक्षण तथ्यहरू बाँड्नु ।
- राजनीतिक दल, नागरिक समाज सदस्य, संचारमाध्यम तथा अन्य सरोकारवालाहरूबीच मतदाता दर्ता प्रक्रियाबारे चेतना र बुझाई अभिवृद्धि गराउनु ।
- हालसम्म भएको मतदाता दर्ता प्रक्रियाप्रति सहभागीहरूका धारणा, जिज्ञासा तथा चासोहरू प्रत्यक्ष सुन्नु ।

कार्टर सेन्टरले जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, अन्य सरकारी अधिकारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका सदस्य, समुदायमा आधारित समूहहरू, स्थानीय संचारमाध्यम तथा अन्यबाट प्रतिनिधिहरुआमन्त्रण गरेको थियो । प्रत्येक सत्रमा २५ देखि ४५ जनासम्मको उपस्थिति थियो । कार्यक्रमको प्रारम्भमा कार्टर सेन्टरको परिचय तथा नेपालमा सेन्टरको कार्यबारे जानकारी दिइएको थियो । त्यसपछि हामीले कार्टर सेन्टरका हालको मतदाता दर्ता पर्यवेक्षणसम्बन्धि पछिल्लो प्रतिवेदनका मुख्य तथ्यहरू प्रस्तुत गऱ्यौं । यस प्रस्तुतिपश्चात् सहभागीहरूलाई कार्टर सेन्टरद्वारा प्राप्त तथ्यहरूमा जिज्ञासा राख्न र प्रतिक्रिया दिन प्रेरित गरिएको थियो । यो दस्तावेजले कार्यक्रमको उक्त खण्डमा सहभागीहरूले उठाएका मुख्य चासोहरूलाई सारांशमा प्रस्तुत गरेको छ जुन राष्ट्रिय तहमा निर्वाचन आयोग तथा सरकारी अधिकारीहरूका लागि उपयोगी हुन सक्छ ।

**सहभागीहरूले उठाएका मुख्य मुद्दाहरू**
तल उल्लेखित चासोहरूलाई पूर्णतः प्रतिनिधिमूलक मान्न नसकिए पनि तिनले मतदाता दर्ता प्रक्रियाप्रतिको नेपाली नागरिकहरूको धारणालाई केही संकेत गर्दछन् भन्ने सेन्टर विश्वास गर्दछ । यसअलावा, जानकारी सत्रहरूमा सहभागी भएकामध्ये धेरै व्यक्तिहरूलाई उनीहरूको समुदायभित्रका "अगुवा विचारकहरु " मान्न सकिने भएका हुनाले यस प्रक्रियामा उनीहरूको धारणा बुझ्नु महत्वपूर्ण हुन्छ । साथै, तल उल्लेखितमध्ये धेरै विषयहरूलाई कार्टर सेन्टरले अघिल्ला पर्यवेक्षण प्रतिवेदनहरूमा पनि उठाइसकेको छ ।

१. नागरिकता प्रमाणपत्र नभएका नागरिक

सहभागीहरूले उठाएकामध्ये सबैभन्दा साझा विषय मतदान गर्न दर्ता हुनका लागि हरेक व्यक्तिका लागि नागरिकता प्रमाणपत्रको अनिवार्यता थियो । यो कुरा कार्टर सेन्टरले संचालन गरेका पाँचै सत्रमा उठेको थियो भने जनकपुर सत्रमा सहभागीहरूको विशेष चासोको विषय बनेको थियो । नागरिकता नभएका जनताबारेको चासो चार वर्गमा विभाजित थियो ।

कार्टर सेन्टरसँगको छलफलमा नागरिकता प्रमाणपत्र वितरणका लागि जिम्मेवार गृह मन्त्रालयका वरिष्ठ अधिकारीहरुले अपवादजन्य न्यून मामिलाहरुबाहेक योग्य नेपालीहरुका लागि नागरिकता प्रमाणपत्रसम्मको पहुँच अप्ठेरो नभएको बताएका छन् । अधिकारीहरु नागरिकताबाट केही उपलब्धी नदेख्ने जनताहरु नागरिकता प्रमाणपत्रको लागि आवेदन दिनका लागि जागरुक नभएको स्वीकार्छन् तथापि, कुनै पनि जागरुक र योग्य नेपालीले सहज रुपमा नागरिकता प्राप्त गर्न सक्ने बताउँछन् । अधिकारीहरुले मन्त्रालयले सन् २००७ को नागरिकता वितरण अभियानमा विशेष व्यवस्था (तल हेर्नुहोस्) अन्तर्गत नागरिकता पाएका नेपालीका सन्तानहरुलाई समेट्न योग्यताको मापदण्ड बढाउन प्रयास गरेको उल्लेख गरे ।

नागरिकता प्रमाणपत्र नभएका योग्य नेपालीहरुको विश्वसनीय संख्या दुर्भाग्यवश उपलब्ध छैन । तथापि, कार्टर सेन्टरका पर्यवेक्षकहरुले वार्ता गरिएका धेरै जिल्लाका व्यक्तिहरुले कम्तीमा केही नेपालीका लागि नागरिकता प्रमाणपत्र प्राप्त गर्न समस्या रहेको बताएको पाएका छन् । ती धारणाहरु उल्लेखयोग्य छन् किनभने तिनीहरुः १) व्यापक छन् र २) नागरिकता प्रमाणपत्रको आवश्यकताले समावेशिता र मतदाता सूचिको राजनीतिक सर्वस्वीकार्यकतालाई पार्ने असरप्रति स्थानीय चासो विद्यमान छ । कार्टर सेन्टर हाल नागरिकता प्रमाणपत्र सम्बन्धी मुद्दाहरुमा तथ्यांक संकलन गरिरहेको छ तर मतदाता दर्ता जानकारी सत्रहरुमा सहभागीहरुले उठाएका चासोहरु बाँड्नु पनि उपयोगी हुन्छ भन्ने मान्दछ जुन चार वर्गमा पर्दछन् ।

पहिलो, विभिन्न समूहका व्यक्तिहरूसँग नागरिकता नभएको कारणले मतदानबाट वञ्चित हुने जोखिमको चासो सशक्त थियो । धेरै सहभागीहरूले विशेषगरी ऐतिहासिक रुपमा सीमान्तकृत पृष्ठभूमिका जनता, गरीब र दुर्गम क्षेत्रका जनता तथा सन् २००७[२] मा नागरिकता पाएका व्यक्तिका सन्तानतर्फ संकेत गरे । जनकपुरका एक सहभागीले भने, "नागरिकता प्रमाणपत्रको अनिवार्यताले

---

[१] कृपया हेर्नुहोस्: "नेपालको निर्वाचन आयोगको 'फोटो सहितको मतदाता दर्ता' कार्यक्रमबारे तेस्रो अन्तरिम वक्तव्य", द कार्टर सेन्टर, जनवरी ३१, २०१२, http://www.cartercenter.org/news/pr/nepal-013112.html मा उपलब्ध ।

[२] नेपाल सरकारले सन् १९९५ मा ३४ लाखदेखि ५० लाखबीचको संख्याका नेपालीहरूसँग नागरिकता प्रमाणपत्र नभएको पहिचान गऱ्यो (धनपति उपाध्याय आयोग प्रतिवेदन, श्री ५ को सरकार/नेपाल (१९९५)) । तत्पश्चात्, सरकारले सन् २००७ मा व्यापक रुपमा नागरिकता प्रमाणपत्र वितरण अभियान चलायो र २० लाखभन्दा बढी नागरिकता प्रमाणपत्र वितरण गऱ्यो । तथापि, यस प्रकारको नागरिकता प्रमाणपत्र वितरण अभियानलाई औचित्य प्रदान गर्ने कानूनी प्रावधानले त्यसबेला विशेष व्यवस्थाअन्तर्गत नागरिकता पाएका व्यक्तिका छोराछोरीहरू पनि योग्य हुनेछन् भन्ने उल्लेख गरेन । त्यसकारण, वर्तमान कानून अनुसार, ती बालबालिकाहरूले यो समयमा कानूनी रुपमा नागरिकता प्रमाणपत्र प्राप्त गर्न सक्दैनन ।

नागरिकको ठूलो संख्यालाई मतदाता दर्ता हुनबाट वञ्चित गरिरहेको छ ।" अर्का व्यक्तिले सन् २००७ मा विशेष व्यवस्थाअन्तर्गत नागरिकता पाएका व्यक्तिका सन्तानहरू नागरिकताका लागि योग्य नभएको हुँदा उनीहरू दर्ता हुन नसक्ने चिन्ता व्यक्त गरे । धेरै सत्रका सहभागीहरूले गरीब तथा नागरिकता प्रमाणपत्र प्राप्त गर्नका लागि आवश्यक कागजात नभएका तर अघिल्लो मतदाता सूचीमा नाम भएका व्यक्तिहरूको बारेमा चिन्ता व्यक्त गरे जो अब दर्ता हुनबाट छुट्नेछन् । अन्ततः, नेपालगंजको एक दलित संगठनका प्रतिनिधिले कर्णालीका जिल्लाहरूबाट बसाइँसराइ गरेका दलितहरूसहित केही गरीबहरूसँग तराईमा बसाइँसराइ गर्दा नागरिकता नभएको र नागरिकता प्राप्त गर्नका लागि आफ्नो गृहजिल्ला जान आर्थिक रूपमा असम्भवप्रायः भएको उल्लेख गरे ।

दोस्रो, नेपाल सरकारको आफ्ना सबै योग्य नागरिकलाई प्रभावकारी रूपले नागरिकता प्रमाणपत्र वितरण गर्ने र अयोग्य व्यक्तिहरुले पाउनबाट रोक्ने क्षमताबारे चासो थियो । एक सहभागीले सरकारले आगामी निर्वाचनअघि नै आवश्यक सबैलाई नागरिकता प्रमाण पत्र वितरण गर्नु सरकारका लागि "असम्भव" हुने विचार व्यक्त गरे । उनले सरकारसँग यो क्षमता छैन भने नागरिकता प्रमाणपत्रलाई किन अनिवार्य कागजात बनाइयो भन्ने प्रश्न गरे । त्यसैगरी अन्य सहभागीहरूले सरकारले नागरिकता प्रमाणपत्रका लागि आउने "झुठा" आवेदकहरूलाई नागरिकता लिनबाट रोक्न सक्छ कि सक्दैन भन्ने जिज्ञासा राखे । एकजनाले यो विषयमा काम गर्न अनुसन्धान समिति बनाउनु पर्ने प्रस्ताव गरे भने अर्का व्यक्तिले भने, "हो, केही गैर नेपालीहरूले नागरिकता प्रमाणपत्र पाए तर हामी दैनिक धेरै यस्ता मान्छेहरू पनि देख्छौं जो सच्चा नागरिक हुन् तर उनीहरूसँग नागरिकता छैन ।"

तेस्रो, मतदाता दर्ता प्रक्रियामा प्रयोग गरिएको नागरिकताको प्रमाण पत्र पहिचानको प्रमाण स्वरुप उचित कागजात हो वा होइन भन्नेमा बहस थियो, यद्यपि यो विषयमा सर्वोच्च अदालतले रार्स्टिय  स्तरमै निर्णय गरिसकेको छ । यो विषयमा मिश्रित धारणाहरू पाइए: कसैले विगतमा स्वीकारिएका अन्य कागजातहरू नै पर्याप्त हुने बताए भने अन्यले सरकारले सबै योग्य नागरिकलाई प्रभावकारी रूपमा वितरण गर्न सकेको खण्डमा नागरिकता प्रमाणपत्र नै सर्वोत्कृष्ट कागजात हुने बताए । केही व्यक्तिविशेषले नागरिकता प्रमाणपत्रको आवश्यकता किन राखियो भन्नेमा अनभिज्ञता प्रकट गर्दै नेपाल सरकार वा निर्वाचन आयोगबाट प्रष्टीकरण चाहे र उनीहरूले यो सामान्य अन्तर्राष्ट्रिय अभ्यास हो वा होइन भन्न जान्न चाहे ।

चौथो, केही सहभागीहरूले नागरिकता प्रमाणपत्रको अनिवार्यताले मधेशीहरुलाई विषम रुपमा प्रभावित पार्ने भावना व्यक्त गरेका थिए । तीमध्ये केही भावनाहरु कडा भाषामा व्यक्त गरिएका थिए भने केही व्यक्तिहरुले सर्वोच्च अदालतका श्रृंखलाबद्ध निर्णयहरूप्रति विरोध जनाए जसमा फेब्रुअरी २०११ को नागरिकता प्रमाणपत्रको अनिवार्यता सम्बन्धी तथा फेब्रुअरी २०१२ को सन् २००६/०७ मा नागरिकता पाएका व्यक्तिका सन्तानलाई नागरिकता दिन गृह मन्त्रालयले गरेको प्रस्तावमा रोक लगाउने निर्णयसमेत पर्दछन् । यी भावनाहरू कार्टर सेन्टरका लागि चासोपूर्ण थिए किनभने तिनले नेपालको राज्य तथा सर्वोच्च अदालतजस्तो राज्यका संस्थाहरूप्रति विश्वास अभावको संकेत गरेका थिए । त्यसकारण नेपाल सरकारले आफ्ना केही नागरिकहरूमा रहेका यस्ता भावनाहरूको सशक्तताबारे चेतनशील हुनु र ती भावनाहरूलाई मत्थर पार्नका लागि हरसम्भव प्रयास गर्नु जरुरी छ ।

अन्ततः, धेरै सहभागीहरूले नयाँ मतदाता सूचिमा आधारित रहने राष्ट्रिय परिचय पत्रको अवधारणाबारे चासो व्यक्त गरे । उनीहरूका चासोहरू मतदाता दर्ता प्रक्रियाका बारेमा माथि उल्लेख गरिएका चासोहरु जस्तै थिए ।

२. छुटेका मतदाता

लगभग सबै जानकारी सत्रहरूमा सहभागीहरूले मतदाता दर्ता सूचीबाट अझै छुटेका  योग्य मतदाताहरूबारे जिज्ञासा राखे । उनीहरूले अझै पनि धेरै नागरिकहरू दर्ता नहुनुका कारण सोधे । बिराटनगरका एक सहभागीले छुटेका नागरिकहरूको समुदायबारे प्रश्न गर्दै  अपांग र तेस्रो लिंगी व्यक्तिहरूलाई दर्ता हुन खास समस्या हुन सक्नेप्रति चासो व्यक्त गरे । नेपालगंजमा धेरै सहभागीहरूले मतदाता शिक्षा पर्याप्त नभएकोप्रति चिन्ता व्यक्त गरे । एकजना व्यक्तिले उनलाई आफ्नो वडामा मतदाता दर्ता भैरहेको छ भन्ने जानकारी  नभएको र मतदाता शिक्षा उनीसम्म नपुगेको भन्ने आफ्नै अनुभव सुनाए । अर्का सहभागीले ग्रामीण क्षेत्रका व्यक्तिहरूलाई प्रक्रियाको बारेमा पर्याप्त चेतना र जानकारी नभएको र मतदाता शिक्षा स्थानीय भाषामा संचालन गरिनु पर्ने सल्लाह दिए । धनगढीका एक सहभागीले जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयहरूमा सञ्चालीत  दर्ता बन्द गर्न नहुने र निर्वाचन आयोगले जिल्ला तथा इलाका प्रशासन कार्यालय जस्ता जिल्ला निर्वाचन कार्यालयबाहेकका स्थान र घुम्ती सेवा प्रदायक टोलीद्वारा दर्ता जारी राख्नु पर्ने विचार व्यक्त गरे । अन्त्यमा, जनकपुरका धेरै सहभागीहरूले धनुषाको मतदाता दर्ता संख्या खासै धेरै नभएको उल्लेख गरे र यो जिल्ला अत्यन्त सुगम भएको र कुनै दुर्गम क्षेत्र नभएको भए पनि किन यस्तो भएको होला भन्ने जिज्ञासा राखे ।

सबै सत्रहरूमा कार्टर सेन्टरका प्रतिनिधि र केही मुद्दाहरुमा  जिल्ला निर्वाचन अधिकारीहरूले सहभागीहरूलाई निर्वाचन आयोगले अप्रिल महिनाको मध्यदेखि "छुटेका मतदाता" दर्ता गर्ने अभियान संचालन गर्न लागेको र सबैले पहिले दर्ता भैनसकेका आफ्ना साथीभाई तथा परिवारलाई आवश्यक कागजातहरू प्राप्त गर्न र दर्ता गर्न प्रोत्साहित गर्ने अवसरका रूपमा यी प्रश्नहरूको  उपयोग गरे ।

३. आन्तरिक बसाइँसराइका कारणले समूहहरूले सामना गरेका चुनौतीहरू

केही सहभागीहरूले आन्तरिक बसाइँसराइ गरेका व्यक्तिहरुका बारेमा प्रश्नहरू उठाए । धनगढीका एक सहभागीले भने, "मुक्त कमैया र भूमीहीन जनताका लागि बसाइँसराइ एउटा ठूलो विषय हो । आफ्नो नाममा जग्गा नभएको हुनाले उनीहरूमध्ये धेरै मतदाता दर्ता प्रक्रियामा छुटेका छन् । मुक्त कमैयाहरूलाई दर्ता गराउनका लागि घुम्ती समूहहरू संचालन गरेकोमा म जिल्ला निर्वाचन कार्यालय तथा निर्वाचन आयोगलाई धन्यवाद दिन चाहन्छु ।" नेपालगंजका अर्का सहभागीले मध्यपश्चिम क्षेत्रका पहाडी र हिमाली जिल्लाबाट

बाँके बसाइँ सरेका व्यक्तिहरु, खासगरी दलितहरूले दर्ता गर्न नसकेको बताए किनकि उनीहरूले बाँकेमा आफ्नो आवासको प्रमाण देखाउन सक्दैनन् । उनीहरूसँग दर्ता हुनका लागि प्रयोग गर्न विवाह प्रमाणपत्र, जन्मदर्ता प्रमाणपत्र, जग्गा वा घर स्वामित्व प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्र जस्ता सरकारी कागजपत्र प्रायः हुँदैनन् ।

४. प्राविधिक विषयहरू

सबै सत्रहरूमा मतदाता दर्ताका प्राविधिक पक्षहरूबारे प्रश्न तथा प्रतिक्रियाहरू आएका थिए । धेरै व्यक्तिहरू निर्वाचन आयोगले आगामी निर्वाचनको लागि मतदाता परिचयपत्र बनाउने योजना निर्माण गरिरहेको छ भन्ने मान्दथे र उनीहरू यसमा खुशी थिएनन् किनभने उनीहरूको सोचाइमा यो पैसाको उचित प्रयोग हैन र यसको सट्टामा नागरिकता प्रमाणपत्रकै प्रयोग गर्न सकिन्छ भन्ने थियो । एक सहभागी निर्वाचन आयोगले एकभन्दा बढी स्थानमा दर्ता गर्ने व्यक्तिलाई ठम्याउने कस्तो योजना बनाएको छ र दोहोरिएकोलाई हटाउने प्रक्रियाले कसरी काम गर्ला भन्ने विषयमा उत्सुक थिए । धेरै व्यक्तिहरूले नयाँ मतदाता सूचीबारे प्रश्नहरू सोधेः एक व्यक्तिले नयाँ सूची कत्तिको यथार्थपरक हुन्छ भन्नेमा कौतूहलता देखाए भने अर्का व्यक्तिले नयाँ सूचीमा आधारित रहेर चाँडै निर्वाचन गर्न सम्भव होला कि नहोला भन्ने जिज्ञासा राखे । अन्य व्यक्तिहरूले नयाँ निर्वाचन घोषणा हुँदासम्म अरु व्यक्तिहरू पनि योग्य भैसक्ने हुनाले नागरिकहरूले दर्ता गरिरहन सक्छन् कि सक्दैनन् भन्ने कौतूहलता प्रकट गरे । अर्का सहभागीले प्रमाणिकरण प्रक्रिया र निर्वाचन आयोगले तथ्यांकमा सामान्य वा ठूला कस्ता प्रकारका त्रूटिहरु पाइरहेको छ भन्ने जिज्ञासा राखे । एकजना व्यक्तिले दर्ता समयमा अनुभव गरेको लामो लाइन र प्राविधिक ढिलाइले दुखी भएको प्रतिक्रिया दिए । अन्त्यमा, अर्का व्यक्तिले संविधानसभा निर्वाचनको बेला भएका मतदान केन्द्र कब्जाको कुरा उठाए र के नयाँ मतदाता सूचीले यो समस्या समाधान गर्ला भनी सोधे ।

५. पहिचानका मुद्दाहरू

धेरै सत्रहरूमा पहिचानसँग सम्बन्धित विषयहरू उठाइएका थिए । जनकपुरमा एक जनाले निर्वाचन आयोगले भाषा र शिक्षाबारे किन सोधि रहेको छ र यो मतदाता दर्ता प्रक्रियाका लागि कसरी सान्दर्भिक छ भन्ने प्रश्न राखे । तिनै व्यक्तिले निर्वाचन आयोगको दर्ता प्रणालीमा उनको भाषाको पहिचान नभएकोमा निराश भएको पनि उल्लेख गरे । अर्का व्यक्तिले पनि यही चासो दोहोऱ्याए र आफ्नो भाषा मैथली नभई मगही भएको बताए तथा यस प्रक्रियामा आदिवासी समूह तथा "पिछडिएका" समुदायहरूका चासोप्रति पर्याप्त ध्यान नदिइएकोमा चिन्ता जनाए । तेस्रो व्यक्तिले मतदाता दर्ता प्रक्रियाले तराईमा मधेशीबाहेकका अन्य पहिचानहरूलाई मान्यता दिन नसकेको बताए । अन्य सहभागीहरूले यस प्रक्रियामा हालसम्म सहभागी भएका विभिन्न समूहहरूबारे कौतूहलता देखाए । अन्त्यमा, धनगढीका एक सहभागीले निर्वाचन आयोगले आदिवासी, दलित तथा मुस्लिम जनताहरूसम्म पुग्नका लागि आफ्ना प्रयास वृद्धि गर्नुपर्ने सोचाइ राखे र निर्वाचन आयोगले यी समूहका व्यक्तिहरूलाई दर्ता प्रक्रियामा काम गर्न भर्ना गर्नुपर्ने सल्लाह दिए किनकि उनीहरू आफ्नो समुदायसम्म बढी प्रभावकारी रूपमा पुग्न सक्छन् ।

निर्वाचन आयोगले नागरिकहरुका स्व-पहिचान लाई मान्यता प्रदान गर्ने व्यवस्था मिलाइसकेको कार्टर सेन्टरका पर्यवेक्षकहरु तथा केही जिल्ला निर्वाचन अधिकारीहरुले उल्लेख गरे । जस्तै, संखुवासभा, सोलुखुम्बु र सुनसरीमा व्यक्तिहरुबाट प्राप्त अनुरोध पश्चात् निर्वाचन आयोगका अधिकारीहरुले उनीहरुलाई "कुलुङ राई" को मान्यता दिए । सुनसरीका जिल्ला निर्वाचन अधिकारीले यस सम्बन्धमा सहभागीहरुलाई आफ्नो व्यक्तिगत अनुभव सुनाए ।

६. विदेशमा रहेका नेपालीहरू प्रक्रियामा सहभागी हुने प्रावधान

लगभग सबै सत्रहरूमा विदेशमा रहेका नेपालीहरूको सहभागिताको विषय उठाइएको थियो । सहभागीहरू यस्ता व्यक्तिहरूको लागि कुनै पनि व्यवस्था नभएकोमा चिन्तित थिए र उनीहरूले कार्टर सेन्टरलाई निर्वाचन आयोगसँग यो मुद्दा उठाउन अनुरोध गरे । यी सत्रहरूमा कार्टर सेन्टरले सहभागीहरूलाई निर्वाचन आयोगले यो मुद्दालाई सम्बोधन गर्न सम्भाव्यता अध्ययन गरिरहेको तर समस्या जटिल रहेको र आफ्नो गृहदेशबाट बाहिर रहेका नागरिकहरूसम्म पहुँच पुऱ्याउन धेरै महंगो हुने र मतदाताको संख्या कम हुने गरेको जानकारी दियो ।

७. राजनीतिक दलहरूद्वारा सीमित क्रियाकलाप

अन्ततः धेरै सहभागीहरूले मतदाता दर्ता प्रक्रियामा सघाउ पुऱ्याउन राजनीतिक दलको गतिविधि न्यून रहेको उल्लेख गर्दै यस्तो भएकोमा आश्चर्य व्यक्त गरे । नागरिकहरूलाई सहभागी गराउन र दर्ता प्रक्रियालाई सघाउन दलहरू अझ खटिनु पर्ने उनीहरुको ठम्याइ थियो । यसको प्रत्युत्तरमा बिराटनगरका एक राजनीतिक दलका प्रतिनिधिले दलहरूले यस प्रक्रियालाई सक्रिय रूपमा सघाइरहेको आफूले पाएको बताए ।

मधेशी दलहरू र संघीय लिम्बुवान राज्य परिषद्द्वारा मतदाता दर्ता प्रक्रियामा पुऱ्याइएका अवरोधका विषयमा पनि केही प्रश्नहरू उठेका थिए । केही सत्रहरूमा केही सहभागीहरूले ती अवरोधहरू सकारात्मक भएको बताए किनभने तिनले राष्ट्रिय ध्यान खिचेका थिए । जनकपुरका एक सहभागीले कार्टर सेन्टरसँग अवरोध गर्ने दलहरू र तिनको उद्देश्यबारे पत्ता लगाउन अनुरोध गरे । अर्को सत्रमा एक सहभागीले ती अवरोधहरू "उचित" थिए वा थिएनन् भन्ने जिज्ञासा राखे । नेपालगंजका एक मधेशी दल प्रतिनिधिले मधेशी दलहरूको चासो यथावत रहे पनि प्रक्रिया अघि बढ्न दिनको लागि उनीहरू हाल "चुप" लागेको बताए । तथापि, नागरिकता प्रमाणपत्रसँग सम्बन्धित मुद्दाहरूको सम्बोधन भने गरिनै पर्ने उनले बताए ।

**जिल्ला निर्वाचन अधिकारी तथा जिल्ला प्रशासन अधिकारीहरूको भूमिका**
कार्टर सेन्टर सहभागी जिल्ला निर्वाचन अधिकृत तथा जिल्ला प्रशासन अधिकारीहरूको सराहनीय सहयोगप्रति कृतज्ञता प्रकट गर्न चाहन्छ । हामी उहाँहरूको सहयोगको उच्च सराहना गर्दछौं । सबै सत्रहरूमा जिल्ला निर्वाचन अधिकृत र जिल्ला प्रशासन कार्यालयका अधिकारीहरूले सकारात्मक भूमिका खेलेका थिए । चासोका कुनै पनि विषयवस्तु र कुराकानीबारे परामर्श भएको सुनिश्चित गर्न कार्टर सेन्टरका पर्यवेक्षक टोलीहरूले सत्रहरूपूर्व धेरै दिनसम्म जिल्ला निर्वाचन अधिकृत र जिल्ला प्रशासन अधिकारीहरूसँग छलफल गरे । जिल्ला निर्वाचन अधिकृतहरू सबै सत्रहरूमा सहभागी भए र बिराटनगर सत्रमा मोरङ, सुनसरी र झापाका गरी तीन जिल्ला निर्वाचन अधिकृत उपस्थित थिए । धेरै कार्यक्रमहरूमा जिल्ला निर्वाचन अधिकृतहरूले सहभागीहरूले गरेका प्राविधिक प्रश्नहरूको जवाफ दिन सहयोग गरे र कार्टर सेन्टरका पर्यवेक्षकहरूले उठाएका बुँदाहरूलाई समेत स्पष्ट पारे । केही सत्रमा जिल्ला प्रशासनका धेरै अधिकारी पनि उपस्थित थिए र तिनले पनि केही प्रश्नको जवाफ दिएका थिए । उदाहरणका लागि, नेपालगंजका प्रमुख जिल्ला अधिकारीले नागरिकता प्रमाणपत्रसँग सम्बन्धित प्रश्नहरूलाई मित्रवत र व्यावसायिक ढंगले सम्बोधन गरे ।

जिल्ला निर्वाचन अधिकृतहरूले मतदाता दर्ता प्रक्रियाको सम्बन्धमा सम्बन्धित सरोकारवालाहरूसँग छलफल गर्नका लागि मञ्च प्राप्त गरेको अवसरलाई सराहना गरे । केही व्यक्तिहरूले चेतना तथा ज्ञान वृद्धि गर्न, प्रतिक्रिया प्राप्त गर्न तथा गलत बुझाइलाई स्पष्ट बनाउन भविष्यमा निर्वाचन आयोगले पनि त्यस्ता कार्यक्रमहरू संचालन गर्नुपर्ने सुझाव दिए ।

**निष्कर्ष तथा सुझावहरू**
कार्टर सेन्टर निर्वाचन आयोगले मतदाता दर्ता प्रक्रिया कार्यान्वयन गर्नका लागि हालसम्म गरेका सकारात्मक प्रयासहरूको सराहना गर्दछ । हालैका जानकारी सत्रहरूमा प्राप्त प्रतिक्रियाहरूबाट धेरै सुझावहरू दिन सकिन्छ जसमध्ये केही कार्टर सेन्टरका अघिल्ला मतदाता दर्ता प्रक्रियासम्बन्धी पर्यवेक्षण प्रतिवेदनहरूमा नै उल्लेख गरिसकिएको छ । दर्ता हुन चाहने सबै नेपालीहरूका लागि अझ बढी निष्पक्षता, पहुँच तथा अवसर प्रबर्द्धन गर्न कार्टर सेन्टर निर्वाचन आयोग र नेपाल सरकारलाई हालसम्मको सकारात्मक प्रयासलाई निरन्तरता दिन र थप कदमहरू चाल्न प्रेरित गर्दछ । सहकार्य र आदरभाव सहित निम्न सुझावहरू प्रस्तुत गरिएको छः

- नेपाल सरकारले नागरिकता प्रमाणपत्रविहीन जनताको संख्या र उनीहरुसँग नागरिकता नहुनुको कारणको अभिलेख निर्माण गर्न यथेष्ट तथ्यांकपूर्ण सर्वेक्षण गर्नेतर्फ ध्यान दिनुपर्छ । हाल नागरिकता प्रमाणपत्र नभएका योग्य नेपालीहरुको संख्याबारे विश्वसनीय तथ्यांक उपलब्ध छैन । यसको अभावले नागरिकता प्रमाणपत्र मुद्दाको मापनमा मतभेद निम्त्याएको छ । यसले महत्वपूर्ण कागजात नभएका नेपालीहरुसम्म पुग्नका लागि कार्ययोजना बनाउन पनि असहज हुन्छ । सरकारले नागरिकता प्रमाणपत्र नभएका जनताको संख्या र स्थानका साथै ती कागजात नहुनुका कारणसमेत निर्धारण गर्न वैज्ञानिक सर्वेक्षण गर्नुपर्छ ।
- **नेपाल सरकारले सबै योग्य नेपालीहरूलाई नागरिकता प्रमाणपत्र वितरण गर्न आफ्नो प्रयास वृद्धि गर्नुपर्छ ।** ठूलो संख्याका सहभागीहरूले नागरिकता प्रमाणपत्र नभएको कारणले सीमान्तकृत समूह तथा दुर्गम समुदायका केही व्यक्ति वा समूहहरू मतदानबाट विमुख हुन सक्ने चिन्ता व्यक्त गरे । ती चासोहरुका प्रत्युत्तरमा गृहमन्त्रालयले घुम्ती टोली वा अन्य संयन्त्रमार्फत नागरिकता प्रमाणपत्र वितरण गर्ने प्रयास अभिवृद्धि गर्नुपर्छ र नागरिकता नभएका नागरिकहरूको ठूलो संख्या भएका क्षेत्रमा लक्षित गर्नका लागि निर्वाचन आयोगसँग भएको लगत तथ्यांकलाई उपयोग गर्नेतर्फ सोच्नु पर्छ ।
- **नेपाल सरकारले सन् २००७ मा विशेष व्यवस्थाअन्तर्गत नागरिकता पाएका व्यक्तिका सन्तान तथा नागरिकता प्रमाणपत्र लिनका लागि आवश्यक कागजात नभएका व्यक्तिजस्ता योग्य नेपाली नागरिकहरुलाई दर्ता गर्नका लागि कानूनी अवरोधहरूलाई संशोधन गर्नेतर्फ पनि ध्यान दिनु पर्छ ।** यो कार्य उचित कानूनी माध्यमबाट गरिनुपर्छ । साथसाथै, सरकारले योग्य नेपालीहरूले मात्र नागरिकता प्रमाणपत्र प्राप्त गरुन् भन्ने सुनिश्चित गर्न यथेष्ट सुरक्षाको समेत व्यवस्था गर्नुपर्छ ।
- **निर्वाचन आयोगले आन्तरिक बसाइँसराइँ गरेकाहरुलाई दर्ता हुनका लागि विकल्पहरुका बारेमा चेतनाबृद्धि गराउने प्रयास थप गर्नुपर्छ र नेपाल सरकारले योग्य नेपालीहरूले अनावश्यक झण्झटबिना बसाइँसराइको प्रमाणपत्र कागजात प्राप्त गरुन् भन्ने सुनिश्चित गर्नुपर्छ ।** वर्तमान प्रक्रियामा बसोबासको प्रमाणसम्बन्धी कागजपत्रको महत्वबारे मतदाता तथा सरकारी अधिकारीहरूको ज्ञान वृद्धि भएमा आन्तरिक बसाइँसराइका कारणबाट सामना गर्नुपर्ने केही समस्याहरूलाई मत्थर पार्न सहयोग पुग्नेछ । उदाहरणका लागि कार्टर सेन्टरले यसअघिका प्रतिवेदनमा उल्लेख गरेजस्तै, मतदाताहरूले बसोबासको प्रमाणपत्र आफ्नै गाउँ विकास समितिका सचिवबाट लिन सक्ने विकल्प सकारात्मक उपलब्धि हो तर मतदाता र गाविस सचिवहरूलाई यसबारे न्यून जानकारी हुँदा यसको उचित उपयोग हुन नसकेको देखिन्छ ।
- **निर्वाचन आयोगले मतदाता दर्ता प्रक्रियाबारे देशभरि जानकारी प्रचार प्रसार गर्ने प्रयास अभिवृद्धि गर्नुपर्छ ।** नेपाली नागरिक तथा मुख्य सरोकारवालाहरू मतदाता दर्ता प्रक्रियाका बारेमा बढी जान्नका लागि स्पष्ट रूपमा इच्छुक छन् । यसअलावा, जिल्ला निर्वाचन अधिकारीहरूले मतदाता दर्ता प्रक्रियाबारेका उनीहरूका प्राविधिक प्रश्न तथा प्रतिक्रियाहरूको जवाफ दिन वा आफ्नो क्षेत्रको दर्ता प्रक्रियामा सुधार ल्याउन उपयोग गर्न सक्छन् । निर्वाचन आयोगले प्रत्यक्ष संवाद र संचारमाध्यममार्फत आफ्ना उपलब्धि र चुनौतीहरू तथा प्रक्रियाका आगामी चरणहरूबारे जानकारी बाँड्न सक्छ ।
- **निर्वाचन आयोगले भविष्यका दर्ता प्रयासहरूलाई मतदाता संख्या कम भएका स्थानहरूमा लक्षित गर्नुपर्छ ।** निर्वाचन आयोगले हालको मतदाता दर्ता संख्याको तथ्यांकलाई विश्लेषण गरेर आफ्नो भावी प्रयासहरूमा हालसम्म छुटेका व्यक्तिहरूलाई लक्षित गर्न सक्छ । यसमा दुर्गम क्षेत्रमा बस्ने मानिसहरू, कागजात नभएका मानिसहरू तथा यस प्रक्रियाबारे कम सचेत भएका हुन सक्ने गरीब वा सीमान्तकृत समूहहरू समेत पर्दछन् ।

- **मतदाता दर्ता प्रक्रियाको कार्यान्वयन गर्दा नागरिकहरूले उठाएका पहिचान मुद्दाहरूप्रति निर्वाचन आयोग निरन्तर संवेदनशील हुनुपर्दछ ।** नेपालमा यतिबेला पहिचानको विषयको संवेदनशीलतालाई ध्यानमा राख्दै प्रक्रिया अघि बढ्दै गर्दा निर्वाचन आयोगले त्यस्ता अनुरोधहरूलाई समेट्ने तरिकाहरू खोज्नु पर्छ र समावेशी हुनुपर्छ ।
- **राजनीतिक दलहरूले मतदाता दर्ता प्रक्रियामा आफ्ना क्रियाकलाप तथा सहभागिता वृद्धि गर्नुपर्छ ।** सहभागीहरूले दर्ता कार्यमा आफ्ना समर्थकहरूलाई प्रोत्साहित गर्ने कार्यमा दलका क्रियाकलापहरू सीमित रहेको उल्लेख गरेका थिए । राजनीतिक दलको बढी सहभागिताले मतदाता दर्ता प्रक्रियाको सफलता सुनिश्चित गर्न सहयोग गर्न सक्छ ।